# गण्डकी राजपत्र

गण्डकी गाउँपालिकाद्वारा प्रकाशित

## गण्डकी गाउँपालिका राजश्व व्यवस्थापन ऐन, २०७७

खण्ड : ४ संख्या : ८ मिति : २०७७/०६/१५

भाग : १

गण्डकी गाउँपालिका

# गण्डकी गाउँपालिका राजश्व व्यवस्थापन ऐन, २०७७

गण्डकी गाउँपालिकाको समग्र विकासको लागि गण्डकी गाउँपालिकामा राजश्व लगाउने तथा उठाउने सम्वन्धमा कानूनी व्यवस्था गर्न बान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०२) बमोजिम गण्डकी गाउँसभाले यो ऐन जारी गरेको हो ।

## परिच्छेद -१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ : (१)** यस ऐनको नाम "गण्डकी गाउँपालिका राजश्व व्यवस्थापन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "अध्यक्ष" भन्नाले गण्डकी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) "उपाध्यक्ष" भन्नाले गण्डकी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ग) "कम्पनी" भन्नाले प्रचलित नेपाल कानून बमोजिम स्थापना भएको कम्पनी सम्झनु पर्दछ र सो शव्दले प्रचलित नेपाल कानून बमोजिम स्थापित संगठित संस्थालाई समेत जनाउँदछ ।

(घ) "कर प्रशासक" भन्नाले गण्डकी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ र तोकिएको गाउँपालिकाको राजश्व शाखा हेर्ने कर्मचारीलाई समेत जनाउँदछ ।

(ङ) "राजश्व शाखा" भन्नाले गण्डकी गाउँपालिकामा कर सम्वन्धि काम कार्वाही गर्ने गण्डकी गाउँपालिकाको शाखा वा वडा कार्यालयलाई सम्झनु पर्दछ र सो शव्दले कर संकलन वा व्यवस्थापनका लागि तोकिएको अन्य एकाईलाई समेत बुझाउँदछ ।

(च) "कर निर्धारण" भन्नाले यस ऐन अनुसार कर निर्धारण गर्ने कार्यलाई सम्झनु पर्दछ र सो शव्दले पुनःनिर्धारण र अतिरिक्त कर निर्धारण कार्यलाई समेत जनाउँदछ ।

(छ) "करदाता" भन्नाले गण्डकी गाउँपालिकालाई कर शुल्क, सेवा शुल्क, दस्तुर बुझाउनु पर्ने कर्तव्य भएको व्यक्ति वा गण्डकीगाउँपालिका वा अन्य कुनै व्यक्ति वा संघ संस्थासँग सम्झौताको माध्यमबाट व्यवसाय वा कारोकार वा उपयोग गरी आएको व्यक्ति वा संस्थालाई सम्झनु पर्छ र सो शब्दले प्रमुख प्रशासकीय अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा कुनै कारवाही प्रक्रिया शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ ।

(ज) "कर राजश्व" भन्नाले ऐनको दफा -४ बमोजिम लाग्ने करलाई सम्झनु पर्दछ ।

(झ) "कार्यपालिका" भन्नाले गण्डकी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ञ) “कार्यालय” भन्नाले गण्डकी गाउँपालिका र मातहतका वडा कार्यालय समेतलाई सम्झनु पर्दछ ।

(ट) “गैर-कर राजश्व” भन्नाले ऐनको परिच्छेद - ७ बमोजिम लागेको गैरकर राजश्व सम्झनु पर्दछ । (ठ) “भवन” भन्नाले नियमानुसार नक्शापास गरी वा नगरी घेरा बनाई निर्माण भएका घर टहरा वा अन्य यस्तै प्रकृतिका संरचना समेतलाई सम्झनु पर्दछ ।

(ड) “जग्गा” भन्नाले गण्डकीगाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता कायम रहेको वा कानून बमोजिमको कुनै प्रमाण भएको जग्गालाई सम्झनु पर्दछ ।

(ढ) “प्रमुख प्रशासकीय अधिकृत” गण्डकी गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने कर्मचारी सम्झनु पर्दछ ।

(ण) “फर्म” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको वा दर्ता नभएको जुनसुकै फर्मलाई सम्झनु पर्दछ ।

(त) “बाह्य विज्ञापन” भन्नाले गण्डकी गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति, संस्था, कम्पनी, फर्मले आफ्नो सेवा वा बस्तुको बजारीकरण गर्न एक वा एक भन्दा बढी स्थानहरुमा प्रचार प्रसारको लागि राखिने व्यवसायिक विज्ञापन सामाग्रीहरु फ्लेक्स बोर्ड, होडिङ्ग बोर्ड, नियोन साईन डिजिटल बोर्ड, ग्लोसाईन बोर्ड, बाह्य विज्ञापनका अन्य सामग्री, सवारी साधनमा राखिने सवै किसिमका विज्ञापनलाई बाह्य विज्ञापन सम्झनु पर्दछ ।

(थ) “वडा” भन्नाले गण्डकी गाउँपालिकाको वडालाई सम्झनु पर्दछ ।

(द) “वडा अध्यक्ष” भन्नाले गण्डकी गाउँपालिकाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(ध) “वडा समिति” भन्नाले संविधानको धारा २२२ को उपधारा ४ र धारा २२३ को उपधार ४ बमोजिम गठित वडा समितिलाई सम्झनु पर्दछ ।

(न) “व्यक्ति” भन्नाले कर तिर्नुपर्ने दायित्व भएको कुनसुकै व्यक्ति, कम्पनी, फर्म एवं संघसंस्था समेतलाई सम्झनु पर्दछ ।

(प) “मन्त्रालय” भन्नाले स्थानीय तह हेर्ने नेपाल सरकारको मन्त्रालयलाई सम्झनु पर्दछ ।

(फ) “गाउँपालिका” भन्नाले गण्डकी गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ब) “सभा” भन्नाले गण्डकी गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ ।

(भ) “सम्पत्ती” भन्नाले करदाताको गाउँपालिकाका क्षेत्रभित्र रहेको सम्पूर्ण घर र जग्गालाई सम्झनु पर्दछ ।

(म) “सम्पत्ती कर” भन्नाले गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिको स्वामित्वमा रहेको एक वा एक भन्दा बढी घर र जग्गाको मूल्याङ्कन गरी उक्त मूल्यको आधारमा एकिकृत रुपमा लगाइने सम्पत्ती करलाई सम्झनु पर्दछ ।

(य) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

(र) “श्रेस्ता” भन्नाले कारोबार भएको व्यहोरा देखिने गरी खडा गरिएको हिसाब किताबको अभिलेख सम्झनु पर्दछ र सो शव्दले कारोबारलाई प्रमाणित गर्ने अन्य सवै प्रकारका बागजात, विद्युतीय प्रविधिबाट राखिएको अभिलेख र आर्थिक विवरण समेतलाई बुझाउँदछ ।

## परिच्छेद-२

## राजस्वको सिद्धान्त, क्षेत्र र आधार

**३. राजस्व सम्बन्धी सिद्धान्त :** (१) गाउँपालिकाको कर राजस्व संकलन तथा व्यवस्थापन गर्दा देहायका सिद्धान्तलाई अवलम्बन गरिनेछ :- क) तिर्न सक्ने क्षमताको सिद्धान्त,

ख) लाभको सिद्धान्त,

ग) समानता र सरलताको सिद्धान्त,

घ) प्रगतिशील करको सिद्धान्त,

ङ) निश्चिततताको सिद्धान्त,

च) सुविधाको सिद्धान्त,

छ) स्वयं कर निर्धारणको सिद्धान्त ।

(२) गैर कर राजस्व सङ्कलन गर्दा उपलब्ध गराइने सेवा र सुविधा लाग्ने समयावधि, लागत, सञ्चालन र मर्मत सम्भार खर्चलाई आधारमानी दर निर्धारण गरिनेछ ।

**४. राजस्वका क्षेत्र र आधार :** (१) गाउँपालिकाले देहायका विषयक्षेत्र र आधारमा राजस्व सङ्कलन गर्नेछ :

क) गाउँपालिका क्षेत्रभित्रका भवन र भवनले चर्चेको जग्गाको मूल्याङ्कनका आधारमा सम्पत्ति कर लगाइनेछ

ख) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिई प्राप्त हुने आम्दानी र आम्दानी हुने गरी अन्य कुनै सम्पत्ति बहालमा दिएकोमा त्यस्तो बहाल रकममा बहाल कर लगाइनेछ ।

ग) गाउँपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति, संघसंस्था वा निकायलाई व्यवसायिक प्रकृति, आर्थिक कारोवार, स्थान विशेष र लगानीका आधारमा व्यवसाय कर लगाइनेछ ।

घ) गाउँपालिका क्षेत्रभित्र सम्पत्ति कर लागेको जग्गा बाहेकको अन्य जग्गामा भूमिकर(मालपोत) लगाइनेछ ।

ङ) गाउँपालिका क्षेत्रभित्र गरिने सवै प्रकृतिका बाह्य विज्ञापनका सामाग्रीमा विज्ञापनको प्रकृति, बनोट, आकार, प्रभाव र स्थान विशेषका आधारमा विज्ञापन कर लगाइनेछ ।

च)   गाउँपालिका क्षेत्रभित्र चल्ने सवारी साधनहरुमा सवारी साधनको किसिमका आधारमा प्रदेश सरकारले तोके बमोजिम सवारी साधन कर लागाइनेछ ।

छ)   गाउँपालिका क्षेत्रभित्र हुने र शुल्क लिई सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसायमा  मनोरञ्जनको प्रकृति, स्थान विशेष, कारोवार र सोका प्रभावका आधारमा प्रदेश सरकारले तोके बमोजिम मनोरञ्जन कर लगाइनेछ ।

ज)   गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले प्रचलित कानूनले निषेध गरिएका बाहेकका ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ्ग, प्वाखँ, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरेबापत जडिबुटी, कवाडी र जीवजन्तु कर लगाइनेछ ।

झ)   गाउँपालिका क्षेत्रभित्र तोकिएका पर्यटकीय स्थलहरुमा पर्यटक प्रवेश गर्दा पर्यटन शुल्क लगाइनेछ ।  ञ)   गाउँपालिकाक्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत सवारी साधनको किसिम, स्थान विशेष र पार्किङ्ग अवधिका आधारमा पार्किङ्ग शुल्क लगाइनेछ ।

ट) गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख, वा सञ्चालन गरेका वा सार्बजनिक ऐलानी पर्ती जग्गा वा भबनमा हाटबजार वा पसल वा सडक वा बाटो किनार वा विशेष मेला पर्वमा तोकिए बमोजिम बहाल विटौरी शुल्क लगाइनेछ ।

ठ)   गाउँपालिका क्षेत्रभित्रका घर जग्गा वा अन्य सम्पत्तिहरुको रजिष्ट्रेसन पारित गर्दा प्रदेश सरकारले तोके बमोजिम रजिष्ट्रेसन शुल्क लगाइनेछ ।

ड) गाउँपालिकाबाट प्रवाह गरिने सेवामा तोकिए बमोजिम अन्य सेवा शुल्क तथा दस्तुर लगाइनेछ ।
ढ)   गाउँपालिका क्षेत्रभित्र प्रचलित कानून बमोजिम कर्तब्य र दायित्व निर्धारण गरिएका व्यक्तिले गर्नु गराउनुपर्ने कार्य नगरे नगराएमा र नगर्नु नगराउनुपर्ने कार्य गरे गराएमा तोकिए बमोजिम दण्ड, जरिवाना लगाइनेछ ।

ण)   यस दफा अर्न्तगतका अन्य खण्डहरुमा उल्लेखित भएका वाहेक प्रचलित कानूनद्धारा गाउँपालिकाको अधिकार क्षेत्रभित्र पर्न आएका अन्य कर, दस्तुर तथा शुल्क लिन सकिनेछ ।

(२)   प्रचलित कानूनले गाउँपालिकालाई अन्य कर तथा गैरकर राजस्वको क्षेत्राधिकार थप भएमा आर्थिक ऐनले तोकिएको आधारमा राजश्व असूल गरिनेछ ।

## परिच्छेद-३

## सम्पत्ति कर सम्बन्धी व्यवस्था

**५.   विवरण दाखिल गर्नुपर्ने :** (१) प्रत्येक सालको आश्विन मसान्तसम्ममा यो ऐन अर्न्तगत सम्पत्ति कर तिर्नुपर्ने कर्तव्य तथा दायित्व भएका व्यक्तिले साधारणतः आफू बसोबास गरेको वडा कार्यालय समक्ष आफ्नो सम्पत्तिको विवरण तोकिएको ढाँचामा दाखिल गर्नु गराउनु पर्नेछ । तर

करदाताले आश्विन मसान्तभित्र सम्पत्तिको विवरण पेश नगरेको अवस्थामा गाउँपालिकामा रहेको अभिलेखको आधारमा कर निर्धारण गर्न सकिनेछ ।

(२) यस ऐन बमोजिम सम्पत्ति कर तिर्नु पर्ने व्यक्ति नाबालक, शारीरिक वा मानसिक अपाङ्गगता भएका व्यक्ति भएमा निजको सम्पत्तिको विवरण दाखिल गर्ने गराउने कर्तव्य निजको संरक्षकको हुनेछ ।

(३) एकभन्दा बढी व्यक्तिहरूको स्वामित्वमा रहेको सम्पत्तिको विवरण त्यस्तो संयुक्त स्वामित्व भएका व्यक्तिहरूमध्ये कुनै एक व्यक्तिले दाखिल गर्न सक्नेछ ।

(४) एकभन्दा बढी वडा क्षेत्रमा सम्पत्ति हुने करदाताले पेश गर्नु पर्ने सम्पत्तिको विवरणमा त्यस्तो करदाताले आफ्नो सबै घर जग्गाको फाँटवारी तथा आफूले अन्तिम कर निर्धारण गराउन चाहेको सम्पत्ति रहेको वा बसोबास भएको वडा कार्यालयमा पेश गर्नुपर्नेछ ।

(५) करदाताले गाउँपालिका क्षेत्रभित्रको आफ्नो स्वामित्वको सम्पत्तिमा थपघट भएमा आर्थिक बर्ष शुरु भएको मितिले तीन महिनाभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा सोको विवरण पेश गर्नु पर्नेछ ।

(६) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको घरजग्गाको अभिलेख दुरुस्त राख्नुपर्नेछ ।

६. **सम्पत्तिको मूल्याङ्कन :** (१) सम्पत्ति कर निर्धारण प्रयोजनको लागि गाउँपालिका क्षेत्रभित्र रहेको भवन संरचनाको सम्पूर्ण क्षेत्रफल र सो भवन संरचनाले ओगटेको क्षेत्रफल बराबरको थप जग्गाको मूल्याङ्कनमा समावेश गरी कर निर्धारण गरिनेछ ।

(२) गाउँपालिकाबाट नक्सा स्वीकृत हुँदा निजले पेश गरेको जग्गामा पछि घर र जग्गा थप हुन आएमा सो घर जग्गा समेत समावेस गरी कर निर्धारण गरिनेछ ।

(३) उपदफा (१) र उपदफा (२) बमोजिम कर निर्धारणको लागि कायम भएको जग्गा कटाएर बाँकी रहेको जग्गामा भूमिकर मात्र लगाई असूल गरिनेछ ।

(४) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिको आफ्नै स्वामित्वमा रहेको जग्गामा नक्सा पास गरी वा नगरी, चौघेरा हाली निर्माण भएको स्थायी वा कच्ची घर जस्ता संरचना समेतलाई सम्पत्ति कर प्रयोजनका लागि घर मानी मुल्याङ्कन गरी कर निर्धारण गरिनेछ ।

(५) आर्थिक बर्षको पहिलो दिन जसको स्वामित्वमा सम्पत्ति रहेको छ सो सम्पत्ति सोही व्यक्तिको नाममा रहेको मानी कर निर्धारण गरिनेछ । कुनै सम्पत्ति एक भन्दा बढी व्यक्तिहरुको संयुक्त स्वामित्वमा रहेकोमा स्वामित्व स्पष्ट भएकोमा सोही अनुसार अन्यथा संयुक्त स्वामित्व मानी कर निर्धारण गरिनेछ ।

(६) कर निर्धारण प्रयोजनका लागि घर र जग्गाको मूल्य कायम गर्दा तोकिए बमोजिमको दर अनुसार गरिनेछ

(७) सम्पत्ति कर निर्धारणका लागि सम्पत्ति मूल्याङ्कन देहाय बमोजिमका आधारमा गरिनेछ :-

क) घर जग्गाको आकार, प्रकार र बनोट,

ख) घर जग्गाको प्रचलित बजारमूल्य तथा घरको हकमा ह्रास कट्टी पछिको मूल्य,

ग) घर र जग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था,

घ) कुनै घर वा घरको केही भाग भत्केकोले सो भाग मूल्याङ्कनमा समावेश नगरी कर निर्धारण गरी पाउ भनी कुनै करदाताले निवेदन दिएमा सम्बन्धित वडाका प्राविधिकले दिएको स्थलगत प्रतिवेदन ।

**७. सम्पत्ति मूल्याङ्कन दर :** सम्पत्ति (घर र जग्गाको) मूल्याङ्कन दर गाँउपालिकाको आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

**८. सम्पत्ति मूल्याङ्कन दर निर्धारण सुझाव समितिः** (१) सम्पत्ति कर प्रयोजनको लागि घर जग्गा मूल्याङ्कन दर निर्धारण गर्न देहाय बमोजिम सम्पत्ति मुल्याङ्कन दर निर्धारण सुझाव समिति गठन गर्नेछ :-

क) अध्यक्ष - - संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) मालपोत कार्यालयको प्रमुख/प्रतिनिधी - सदस्य

घ) घर नक्सा शाखाको प्रमुख - सदस्य

ङ) निजी क्षेत्रको विषय विज्ञ प्रतिनिधि - सदस्य

च) राजस्व शाखा प्रमुख - सदस्य सचिव

(२) सम्पत्ति मूल्याङ्कन दर निर्धारण सुझाव समितिले आवश्यकता अनुसार अन्य विषय विज्ञ तथा कार्यपालिका सदस्यलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) सम्पत्ति मूल्याङ्कन दर निर्धारण सुझाव समितिले प्रत्येक २ (दुई) वर्षमा घर र जग्गाको मुल्याङ्कनका आधार र दररेट परिमार्जन गरी गाउँपालिका समक्ष सुझाव पेश गर्नेछ ।

(४) समितिले आफ्नो काम कारवाहीलाई व्यवस्थित गर्न उपसमिति गठन गर्न सक्नेछ ।

**९. संयुक्त तथा सामूहिक आवासको सम्पत्ति कर निर्धारण :** (१) बहुतले सामूहिक आवास ( अपार्टमेन्ट वा फ्ल्याट) वा संयुक्त आवास (हाउजिङ्ग) वा कुनै घरको विभिन्न तलाहरु वा एकै तलामा पृथक-पृथक स्वामित्व रहेकोमा त्यस्तो पृथक-पृथक स्वामित्व भएका भागहरु वा तलाहरुको सम्पत्ति कर सम्बन्धित स्वामित्ववाला व्यक्तिहरुको नाममा देहाय बमोजिम निर्धारण गरी असुल उपर गरिनेछः

(क) बहुतले सामूहिक आवास (अपार्टमेन्ट वा फ्ल्याट) को हकमा जे-जति क्षेत्रफलको अपार्टमेन्ट वा फ्ल्याट राजिनामा वा स्वामित्व हस्तान्तरणको लिखत पारित गरी हकहस्तान्तरण भएको छ सोही बराबर घर (अपार्टमेन्ट वा फ्ल्याट) को क्षेत्रफल कायम गरिनेछ ।

(ख)  बहुतले सामूहिक आवास (अपार्टमेन्ट वा फ्ल्याट) को जग्गाको क्षेत्रफल कायम गर्दा राजिनामा वा स्वामित्व हस्तान्तरणको लिखतमा उल्लेख भएको भए सोही जग्गाको क्षेत्रफल र उल्लेख नभएको भए घर अपार्टमेन्ट वा फ्ल्याट) को स्वामित्व बराबरको क्षेत्रफल मानि सो को दुई गुणा बराबरको जग्गाको क्षेत्रफल कायम गरिनेछ ।

(ग)  माथि खण्ड (क) र (ख) मा उल्लेख भए बमोजिम हुन आउने घर र जग्गाको क्षेत्रफललाई आधारमानी स्वीकृत दर अनुसार मूल्याङ्कन गरी कर निर्धारण गरिनेछ ।

(घ)  संयुक्त आवास (हाउजिङ्ग) को जग्गाको क्षेत्रफलको हकमा राजिनामा वा हक हस्तान्तरणको लिखतमा उल्लेख भए बराबरको जग्गाको क्षेत्रफल कायम गरिनेछ ।

(२)  गाउँपालिकालेतोकेको अवधिभित्र सामूहिक आवास वा संयुक्त आवास निर्माण भएका आवास बिक्री नभई बाँकी रहेको स्टकमा सम्पत्ति कर लाग्ने छैन ।  तर अनुगमन गर्दा त्यसरी बिक्री नभएको स्टकको कुनै प्रकारले उपयोग भएकोमा त्यस्तो स्टकमा कर लाग्नेछ ।

(३)  नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाको स्वीकृत लिई निर्माण भएको संयुक्त आवास वा सामूहिक आवासको सामूहिक उपभोगमा रहने वेसमेण्ट, बगैंचा, पार्किङ्ग तथा सडक क्षेत्रमा सम्पत्ति कर लगाइने छैन

(४)  व्यावसायिक प्रयोजनको लागि निर्माण गरी बिकी भएको मल/सपिङ्ग कम्प्लेक्स/सपिङ्ग सेन्टर आदि) मा खरिद बिकी हुने पसल, कोठा तलाको हकमा समेत उपदफा १ बमोजिम कर निर्धारण गरिनेछ ।

**१०.  लिज सम्झौता बमोजिमको सम्पत्तिमा कर लाग्ने :** (१)  कुनै व्यक्ति वा संस्थाको नाममा जग्गाको स्वामित्व भई अर्को व्यक्ति वा संस्थाले भवन वा अन्य भौतिक संरचनाको निर्माण, विकास र सम्वर्द्धन गरी भोग गरेको भए त्यस्तो सम्पत्तिको नियमानुसार लाग्ने सम्पत्ति कर तिर्नुपर्ने दायित्व निजहरु बीच भएको सम्झौतामा स्पष्ट उल्लेख गरिएको हकमा सोही बमोजिम हुनेछ । यदि सम्झौतामा स्पष्ट प्रावधान उल्लेख नगरिएको भएमा सम्पत्तिको भोग गर्ने वा लिजमा लिने व्यक्ति वा संस्थाले यस परिच्छेद बमोजिमको कर दाखिला गर्नुपर्नेछ ।

(२)  माथि उपदफा (१) बमोजिमको लिज सम्झौता भंग भएमा वा कार्यान्वयन नभई सम्झौताको यथार्थ परिपालना नगरिएको अवस्थामा सम्पत्ति कर तिर्ने दायित्व सम्बन्धित जग्गा धनीको हुनेछ ।

(३)  प्रचलित नेपाल कानून र यस परिच्छेद बमोजिम सम्पत्ति कर छुट हुने व्यक्ति वा निकायको जग्गामा व्यवसायिक प्रयोजनका लागि भवन निर्माण गरी उपयोग गरेको भए उक्त भवन र सो भवनले चर्चेको जग्गामा सम्पत्ति भोग गर्ने व्यक्ति वा संस्थाबाट यस परिच्छेद बमोजिम सम्पत्ति कर लगाई असूल उपर गरिनेछ ।

(४)  सम्पत्ति कर छुट हुने व्यक्ति वा निकायको जग्गामा एउटा प्रयोजनको लागि बनाएको भवन सो प्रयोजन परिवर्तन गरी व्यवसायिक प्रयोजनमा प्रयोग गरेको पाइएमा प्रमुख प्रशासकीय अधिकृतले कर निर्धारण गरी कर असूल गर्नेछ ।

**११. सम्पत्तिको विवरण पेश गर्न आदेश दिन सक्ने :** (१) सम्पत्ति कर निर्धारण प्रयोजनका लागि प्रमुख प्रशासकीय अधिकृतले सम्वन्धित करदातालाई सम्पत्ति विवरण पेश गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश प्राप्त भएको मितिले १५ दिनभित्र सम्बन्धित करदाताले तोकिएको ढाँचामा विवरण दाखिला गर्नु गराउनु पर्नेछ । उल्लिखित म्यादभित्र विवरण दाखिला गर्न नसकेमा सो कुराको लिखित सूचना म्यादभित्रै प्रमुख प्रशासकीय अधिकृतलाई दिनु पर्नेछ । यसरी सूचना प्राप्त भएमा प्रमुख प्रशासकीय अधिकृतले बढीमा ३० दिनको म्याद थप गर्न सक्नेछ ।

**१२. सम्पत्ति करको असूली :** (१) गाउँपालिकाले कायम गरेको करयोग्य सम्पत्तिको मूल्याङ्कन र सो बमोजिम लाग्ने बाँकी बक्यौता सम्पत्ति कर भुक्तानीका लागि करदाता समक्ष समयसीमा तोकी कर निर्धारण आदेश पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कर निर्धारण आदेश प्राप्त भएको मितिले पैतिस दिनभित्र कर बुझाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र करदाताले कर दाखिला नगरेमा निजले बुझाउनु पर्ने कर रकमको वार्षिक दश प्रतिशतका दरले जरिवानासमेत लगाइ सरकारी बाँकी सरह देहाय बमोजिम गरी कर असूल- उपर गरिनेछ :

(क) गाउँपालिकाबाट करदातालाई प्रदान गरिने सेवाहरु रोक्का गर्ने,

(ख) करदाताको चल, अचल सम्पत्ति रोक्का गर्ने,

(ग) करदाताको नाममा कुनै सरकारी कार्यालय वा नेपाल सरकारको स्वामित्व भएको संगठित संस्थामा रहेको धरौटी वा त्यस्तो कार्यालय वा संस्थाले करदातालाई तिर्नु वा बुझाउनु पर्ने रकम रोक्का गर्ने वा त्यस्तो रकम दाखिल गर्न लगाउने,

(घ) करदाताको कारोबार रोक्का गर्ने,

(ङ) करदाताको नाममा रहेको चल वा अचल सम्पत्तिबाट सबै वा केही एक पटक वा पटक-पटक गरी प्रचलित कानून बमोजिम लिलाम-बिक्री गर्ने ।

(४) उपदफा (३) को खण्ड (ङ) बमोजिम करदाताको सम्पत्तिको लिलाम-बिक्रीको कारवाही शुरू भै सकेपछि लिलाम-बिक्री समाप्त हुनु अगावै कर रकम दाखिल गर्न ल्याएमा लाग्ने कर रकमको सयकडा पाँचका दरले थप शुल्क समेत लिई लिलाम- बिक्री बन्द गर्न सकिनेछ ।

(५) उपदफा (३) को खण्ड (ङ) बमोजिम करदाताको सम्पत्तिको लिलाम-बिक्रीबाट प्राप्त भएको रकम निज करदातासँग असूल गर्न बाँकी भएको रकम भन्दा बढी भएमा त्यस्तो बढी भएको रकम करदातालाई फिर्ता गरिनेछ ।

(६) उपदफा (३) को खण्ड (ङ) बमोजिम करदाताको सम्पत्ति लिलाम-बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्तिको स्वामित्व गण्डकीगाउँपालिकामा सर्नेछ ।

**१३. कर पुनःनिर्धारणका लागि निवेदन दिन सकिने :** (१) प्रमुख प्रशासकीय अधिकृतबाट गरिएको सम्पत्तिको मूल्याङ्कन वा सम्पत्ति कर निर्धारण उपर करदातालाई चित्त नबुझेमा पैंतिस दिनभित्र सम्पत्तिको पुनःमूल्याङ्कन वा पुनःकर निर्धारण गर्न गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ । यसरी पर्न आएको निवेदन अनुसार प्रमुख प्रशासकीय अधिकृतलाई पुनःकर निर्धारण गर्नु पर्ने प्रष्ट आधारहरु भएमा निवेदन पर्न आएको मितिले १५ दिनभित्र सम्पत्ति कर पुनःनिर्धारण गरी दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रमुख प्रशासकीय अधिकृतबाट भएको निर्णय उपर चित्त नबुझेमा अध्यक्ष

समक्ष पुनरावेदन निवेदन दिन सकिनेछ । यसरी पर्न आएको निवेदन उपर अध्यक्षले ३० दिन भित्र सुनुवाई गरी प्रमुख प्रशासकीय अधिकृतले गरेको निर्णय सदर, वदर, संसोधन वा पुनः कर निर्धारण गर्न आदेश गर्नु पर्नेछ ।

**१४. सम्पत्ति करमा समावेस नगरिने :** (१) कुनै घर वा भवन संरचना भत्किई वा भत्काई पाताल भएको अवस्थामा घरधनीले घरपाताल सिफारिस सहित विवरण पेश गरेमा विवरण पेश गरेको आर्थिक वर्षसम्मको सम्पत्ति कर असूल गरी अर्को वर्षदेखि भत्किएको वा भत्काइएको घर वा भवन संरचना र उक्त संरचनाले चर्चेको जग्गामा घर, भवन जस्ता संरचनाको पुनः निर्माण, नयाँ निर्माण नभएसम्म कर लाग्ने छैन । स्थलगत निरीक्षण गर्दा नयाँ भवन निर्माण सम्पन्न भई प्रयोगमा रहेको देखिएमा सम्पत्ति कर निर्धारण गरी असूल उपर गरिनेछ ।

(२) माथि उपदफा (१) बमोजिम सम्पत्ति कर छुटका लागि घर पाताल भएको सूचना कार्यालय समक्ष दिनु पर्नेछ

**१५. बाटोको वर्गीकरण :** सम्पत्ति कर निर्धारणका लागि बाटो, खोला, कूलो, पोखरीको मापदण्ड गाउँकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**१६. भूल सुधार गर्न सक्ने :** (१) यस ऐन बमोजिम सम्पत्तिको मूल्याङ्कन गर्दा कुनै विवरणको वा गणितको भूलले गर्दा करको अङ्क घटीबढी हुने गरी कर निर्धारण भएको कुरा करदाताको निवेदन परी वा अन्य कुनै स्रोतबाट जानकारी हुन आएमा कर निर्धारण भएको मितिले दुई वर्षभित्र प्रमुख प्रशासकीय अधिकृतले सो भूलसुधार गरी पुनःकर निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) अनुसार कर निर्धारण आदेशमा भूलसुधार गर्दा हुन आउने कर रकम पहिले निर्धारण भएको कर रकम भन्दा कम वा बढी हुने भएमा त्यस्तो कर निर्धारण आदेश दिनुअघि स्पष्ट कारण खोली एक तहमाथिको अधिकारीबाट निर्णय गराई स्वीकृति लिनु पर्नेछ ।

(३) उपदफा (१) अनुसार भूलसुधारबाट करको रकम पहिले निर्धारण भएको कर रकम भन्दा बढी हुने भएमा सो कर निर्धारण आदेशमा भूलसुधार गर्नु अघि स्पष्ट कारण खोली निर्णय गराई करदातालाई सो सम्बन्धमा लिखित सूचना दिई आफूले तिर्नु पर्ने कर सम्बन्धमा सफाई पेश गर्ने मनासिव माफिकको मौका दिनु पर्नेछ ।

**१७. सम्पत्ति-कर छुट सम्बन्धी व्यवस्था :** गाउँपालिकाले सम्पत्ति करमा छुट दिनुपर्दा देहायको आधारमा दिनुपर्नेछ :

१) प्रत्येक आर्थिक बर्षमा नियमानुसार लाग्ने सम्पत्ति करमा गाँउपालिका आर्थिक ऐनले तोके बमोजिम छुट दिन सकिनेछ

२) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह र कुटनैतिक नियोग कुटनीतिज्ञ तथा तिनका एजेन्सीको स्वामित्वमा रहेको घर जग्गामा सम्पत्ति कर लगाइने छैन ।

**१८. कर बक्यौतामा जरिवाना लाग्ने :** (१) कुनै व्यक्तिले सम्बन्धित आर्थिक वर्षभित्र सम्पत्ति कर दाखिला नगरेमा वक्यौता कर रकममा वार्षिक १० (दश) प्रतिशतका दरले जरिवान लगाई असूल उपर गरिनेछ । (२) उपदफा (१) बमोजिम जरिवाना निर्धारण गर्ने तरिका देहाय बमोजिम हुनेछ :

(क) विगत आर्थिक वर्षहरुको कूल वक्यौता कर अंकमा वार्षिक १० प्रतिशत जरिवाना लाग्नेछ ।

**१९. कसूर तथा सजाय :** प्रमुख प्रशासकीय अधिकृतले देहायका कार्य गर्ने व्यक्तिलाई एकहजार रुपैयाँ देखि पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(क) यस परिच्छेद बमोजिम आफनो कर्तव्य पालना गर्ने सिलसिलामा गाउँपालिका र गाउँपालिका मातहतका निकायहरुलाई बाधा अवरोध गरेमा,

(ख) अन्य कुनै रूपमा यस परिच्छेदको कार्यान्वयनमा बाधा अवरोध गरेमा ।

## परिच्छेद-४

## वहाल-कर सम्बन्धी व्यवस्था

**२०. विवरण दाखिल गर्नुपर्ने :** (१) यस ऐन बमोजिम घर जग्गा वहाल कर भुक्तानी गर्नुपर्ने दायित्व भएको व्यक्तिले घर, जग्गा र अन्य सम्पत्ति वहालमा लगाएमा अनिवार्य वहाल सम्झौता गरी वहाल सम्झौता भएको मितिले सामान्यतया ३५ दिनभित्र कार्यालय समक्ष वहालमा लगाएको आफ्नो सम्पत्तिको विवरण तोकिएको ढाँचामा दाखिल गर्नु गराउनु पर्नेछ । तर करदाताले उल्लेखित म्यादभित्र वहाल आयको विवरण पेश नगरेको अवस्थामा गाउँपालिकाको अभिलेखको आधारमा कर निर्धारण गर्न बाधा पर्ने छैन ।

(२) यस ऐन बमोजिम वहाल-कर तिर्नु पर्ने व्यक्ति नाबालक, शारीरिक वा मानसिक अपाङ्गता भएका व्यक्ति भएमा निजको वहाल आयको विवरण दाखिल गर्ने गराउने कर्तव्य निजको संरक्षकको हुनेछ ।

(३) एकभन्दा बढी व्यक्तिहरूको स्वामित्वमा रहेको वहालमा दिएको सम्पत्तिको विवरण त्यस्तो संयुक्त स्वामित्व भएका व्यक्तिहरू मध्ये कुनै एक व्यक्तिले दाखिल गर्न सक्नेछ ।

(४) करदाताले गाउँपालिका क्षेत्र भित्रको आफ्नो वहाल आयमा थपघट भएमा वा वहालमा नलागेको अवस्थामा सामान्यतया ३५ दिनभित्र कार्यालयमा सोको विवरण एवं जानकारी पेश गर्नु पर्नेछ ।

(५) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको वहाल करको अभिलेख दुरुस्त राख्नुपर्नेछ ।

**२१. वहाल-करको दर** : वहाल-कर निर्धारण प्रयोजनको लागि गाउँपालिका क्षेत्रभित्र रहेको जग्गा, भवन र अन्य सम्पत्तिको वार्षिक बहाल दर गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।
२२. स्रोतमै कर कट्टी गर्नुपर्ने :

(१) गाउँपालिका क्षेत्र भित्र कार्यालय निकाय, संघ, संस्था, फर्म, कम्पनी जस्ता कानूनी व्यक्तिले बहाल भुक्तानी गर्दाकै बखत तोकिएको दरमा श्रोतमै बहाल कर कट्टी गरी गाउँपालिकामा दाखिला गर्नुपर्नेछ । (२) उपदफा (१) बमोजिम कट्टी गरिएको बहाल कर रकम कर कट्टी गरेको महिना पछिको अर्को महिनाको २५ गतेभित्र कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

**२३. वहाल कर प्रयोजनका लागि वहाल अंकको निर्धारण** : (१) करदाताले आफूले बहालमा लगाएको बहाल रकम स्वंय घोषणा गर्न सक्नेछ ।

(२) करदाताले गरेको स्वयं घोषणा वा बहाल लिने दिने वीच भएको सम्झौता बमोजिमको बहाल दर वा कूल बहाल रकम सूत्रबाट कायम हुने दर अनुसारको बहाल रकम भन्दा बढी हुन आएमा स्वयं घोषणा वा सम्झौता अनुसारको रकमलाई बहाल-रकम मानी बहाल-कर असूल उपर गरिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम बहाल कर निर्धारण गर्न नसकिएमा प्रतिमहिना प्रतिवर्ग फिट न्यूनतम बहाल दर निर्धारण गर्दा देहायको सूत्रका आधारमा गरिनेछ:

**बहाल दर = जग्गा प्रति आना मूल्यं+घरको प्रति बर्ग फिट मूल्य) गुणक (C)**

**१००००० १००**

(४) उपदफा (३) बमोजिम बहाल कर निर्धारण गर्दा सम्पत्ति कर प्रयोजनको लागि तोकिए बमोजिम कायम भएको जग्गाको प्रति आना मूल्य र घरको बनोटको लागि तोकिए बमोजिम कायम भएको घरको प्रति वर्ग फिट मूल्यलाई आधार लिइनेछ ।

(५) उपदफा (३) मा उल्लेखित सूत्रमा गुणक C (Coefficient) निर्धारण गर्दा बहाल वा भाडामा उपलव्ध गराउने भवन, घर पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी वा अन्य सम्पत्ति रहेको स्थान (Zoning/location), सडकसँगको अवस्था, उपयोग, व्यवसायिक महत्व, उपलब्घ सुविधाहरु, घरको फिनिसिंग, घरको बनौट, प्लिन्थ-एरिया, कार्पेट-एरिया, तला आदिलाई आधार लिई C (Coefficient) ०.२ भन्दा कम नहुने र २.० भन्दा अधिक नहुने गरी कायम गरिनेछ ।

२४. **वहाल-करको असुली :** (१) यस परिच्छेद बमोजिम बहाल-कर तिर्नु बुझाउनुपर्ने दायित्व भएका तर अग्रीम कर कट्टी गरी दाखिला नगरेका करदाताले आफूले आम्दानी गरेको बहाल आयमा लाग्ने बहाल कर प्रत्येक चार महिनामा कार्यालय/वडा कार्यालयमा तिर्नु बुझाउनु पर्नेछ । यसरी कर भुक्तान गर्दा पहिलो किस्ता मंसिर २५ गतेभित्र, दोश्रो किस्ता चैत्र २५ गते भित्र, तेस्रो तथा अन्तिम किस्ता अर्को आर्थिक वर्षको श्रावण २५ गते भित्र तिर्नु बुझाउनु पर्नेछ । तर कुनै करदाताले यस उपदफा बमोजिमको बहाल कर मासिकरुपमा बुझाउन यस उपदफाले बाधा पुर्याएको मानिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकालेकायम गरेको वहाल अंकको मूल्याङ्कन र सो बमोजिम लागेको वहाल कर भुक्तानीका लागि करदाता समक्ष समयसिमा तोकी विद्युतीय वा अन्य जुनसुकै माध्यमबाट कर निर्धारण आदेश पठाउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको अन्तिम किस्ता बुझाउने म्यादभित्र समेत करदाताले कर दाखिला नगरेमा निजले बुझाउनु पर्ने बाँकी कर रकमको वार्षिक दश प्रतिशतका दरले प्रमुख प्रशासकीय अधिकृतले बाँकी बक्यौता कर असुल उपर गर्नेछ । माथि उपदफा (१) र (३) अनुसार बाँकी बक्यौता कर दाखिला नभएमा सरकारी बाँकी सरह देहाय बमोजिम गरी असूल- उपर गरिनेछः

(क) गाउँपालिकाबाट करदातालाई प्रदान गरिने सेवाहरु रोक्का गर्ने,

(ख) करदाताको चल, अचल सम्पत्ति रोक्का गर्ने,

(ग) करदाताको नाममा कुनै सरकारी कार्यालय वा नेपाल सरकारको स्वामित्व भएको संगठित संस्थामा रहेको धरौटी वा त्यस्तो कार्यालय वा संस्थाले करदातालाई तिर्नु वा बुझाउनु पर्ने रकम रोक्का गर्ने वा त्यस्तो रकम दाखिल गर्न लगाउने,

(घ) करदाताको कारोबार रोक्का गर्ने,

**२५. भूलसुधार गर्न सक्ने :** (१) यस ऐन बमोजिम वहाल कर निर्धारण गर्दा कुनै विवरणको वा गणितको भूलले गर्दा करको अङ्क घटीबढी हुने गरी कर निर्धारण भएको कुरा करदाताको निवेदन परी वा अन्य कुनै स्रोतबाट जानकारी हुन आएमा कर निर्धारण भएको मितिले दुई वर्षभित्र प्रमुख प्रशासकीय अधिकृतले सो भूलसुधार गरी पुनः कर निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) अनुसार कर निर्धारण आदेशमा भूलसुधार गर्दा हुन आउने कर रकम पहिले निर्धारण भएको कर रकम भन्दा कम वा बढी हुने भएमा त्यस्तो कर निर्धारण आदेश दिनुअघि स्पष्ट कारण खोली एक तह माथिको अधिकारीबाट निर्णय गराई स्वीकृति लिनु पर्नेछ ।

(३) उपदफा (१) अनुसार भूलसुधारबाट करको रकम पहिले निर्धारण भएको कर रकम भन्दा बढी हुने भएमा सो कर निर्धारण आदेशमा भूलसुधार गर्नु अघि स्पष्ट कारण खोली निर्णय गराई करदातालाई सो सम्बन्धमा लिखित सूचना दिई आफूले तिर्नु पर्ने कर सम्बन्धमा सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ ।

**२६. कसूर तथा सजाय :** (१) यस परिच्छेद बमोजम कर तिर्नुपर्ने दायित्व भएका कुनै व्यक्तिले राजश्व शाखामा दिएको कुनै जानकारी वा विवरण जानाजानी वा लापरबाही साथ पेश गरेको कारणले झुट्टा वा भ्रमपूर्ण भएमा वा त्यस्तो व्यक्तिले त्यस्तो विषयका सम्बन्धमा कुनै खास कुरा वा विषयको जानकारी विवरणमा प्रमुख प्रशासकीय अधिकृतले उल्लेख नगरी वा हटाई सो विवरण भ्रमपूर्ण हुन गएकोमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो व्यक्तिलाई पाँचहजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(२) प्रमुख प्रशासकीय अधिकृतले देहायका कार्य गर्ने व्यक्तिलाई पाँचहजार रुपैयाँ देखि दशहजार रुपैयाँसम्म जरिवाना हुनेछ :

(क) यस परिच्छेद बमोजिम आफनो कर्तव्य पालना गर्ने सिलसिलामा गाउँपालिका र मातहतका निकायलाई बाधा अवरोध गरेमा,

(ख) अन्य कुनै रूपमा यस परिच्छेदको कार्यान्वयनमा बाधा अवरोध गरेमा ।

## परिच्छेद-५

## व्यवसाय कर सम्बन्धी व्यवस्था

**२७. व्यवसायको दर्ता हुनुपर्ने :** (१) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहबाट ईजाजत प्राप्त गरी गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने सवै प्रकृतिका व्यवसाय सञ्चालनपूर्व अनिवार्यरुपमा गाउँपालिकामा तोकिए बमोजिम दर्ता हुनुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन जारी हुनु भन्दा अगाडि गाउँपालिकामा दर्ता नभई गाउँपालिका भित्र सञ्चालित व्यवसायको हकमा यो ऐन जारी भएको मितिले तीन महिना भित्र यस ऐन बमोजिम गाउँपालिकामा दर्ता हुर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता हुने व्यवसायले व्यवसाय सञ्चालन भएकै आर्थिक वर्षदेखि बार्षिक रुपमा व्यवसाय कर तिर्नुपर्नेछ ।

**२८. व्यवसाय करको दर :** १) गण्डकीगाउँपालिका क्षेत्र भित्र दर्ता वा ईजाजत प्राप्त गरी व्यवसाय गर्ने व्यक्ति, संघसंस्था वा निकायलाई व्यवसायको प्रकृति, आर्थिक कारोवार, स्थान बिषेश र लगानीका आधारमा गाउँपालिकाले आर्थिक ऐनबाट व्यवसाय करको दर निर्धारण गर्नेछ ।

२) महिला, अपांगता भएका व्यक्ति, दलित, प्रजा जातिको हकमा व्यवसाय दर्ता गर्दा प्रचलित दर रेटमा ......................प्रतिशत रकम छुट दिन सकिने छ । साथै बैदेशिक रोजगारि वाट फिर्ता भएका सीप र व्यवसायमा दक्षता भएको व्यक्तिको हकमा समेत ................प्रतिशत व्यवसाय दर्ता कर छुट हुने छ ।

**२९. व्यवसाय कर असुली :** (१) दफा (२७) बमोजिम दर्ता गर्नु पर्ने व्यवसायको बार्षिक रुपमा तोकिए बमोजिम नवीकरण गरी गाउँपालिकामा व्यवसाय कर तिर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कर दाखिला नगरेमा निजले बुझाउनु पर्ने कर रकमको वार्षिक दश प्रतिशत जरिवाना समेत लगाई प्रमुख प्रशासकीय अधिकृतले देहाय बमोजिम गरी कर असूल-उपर गर्न सक्नेछ । (क) गाउँपालिकाबाट प्रदान गरिनै सवै प्रकारका सेवा सुविधा रोक्का गर्ने,

(ख) गाउँपालिका क्षेत्र भित्र संचालित व्यवसाय बन्द गर्ने,

(ग) करदाताको कारोबार तथा निकासी पैठारी रोक्का गर्ने,

(घ) गाउँपालिका क्षेत्रभित्र निश्चित अवधि तोकी सो अवधिसम्म पुनः व्यवसाय गर्न नपाउने गरी त्यस्ता व्यक्तिको नाम नामेसी तीन पुस्ते विवरण अध्यावधिक गर्ने र सार्वजनिक गर्ने ।

**३०. व्यवसायको विवरण पेश गर्नु पर्ने :** (१) करदाताले व्यवसाय सञ्चालन गर्दा निवेदन साथ पेश गरेका विवरणमा हेरफेर, परिवर्तन, नामसारी वा ठाउँसारी गरेकोमा त्यस्तो कार्य भएको मितिले पैतिस दिनभित्र गाउँपालिकामा जानकारी दिनुपर्नेछ ।

(२) एक पटक व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन परी निर्णय नभएसम्म सो व्यवसाय सञ्चालनमा रहेको मानिनेछ ।

(३) व्यवसाय कर तिर्नुपर्ने कुनै करदाताले लाग्ने कर तिरी बुझाई व्यवसाय दर्ता खारेज गर्न, नामसारी गर्न निवेदन दिन सक्नेछ र त्यस्तो निवेदन प्राप्त भए पछि गाउँपालिकले आवश्यक जाँचबुझ गरी जाँचबुझ समाप्त भएको मितिले पैंतिस दिनभित्र कार्य फछ्र्यौट गर्नुपर्नेछ ।

**३१. व्यवसायको वर्गीकरण :** व्यवसाय कर प्रयोजनका लागि व्यवसायको प्रकृति, पूँजी, स्थान विशेष लगाएतका आधारमा गाउँपालिका क्षेत्रभित्र रहेका व्यवसायहरुको वर्गीकरण आर्थिक ऐन बमोजिम हुनेछ ।

**३२. व्यवसायको दर्ता प्रमाणपत्र राख्नुपर्ने :** गाउँपालिका क्षेत्रभित्र संचालित सवै व्यवसायले दर्ता प्रमाण-पत्र व्यवसाय स्थलमा सवैले देख्ने गरी राख्नुपर्नेछ । व्यवसाय दर्ता प्रमाणपत्रको ढाँचा गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

**३३. भूल सुधार गर्न सक्ने :** (१) यस ऐन बमोजिम व्यवसाय कर कायम गर्दा कुनै विवरणको वा गणितको भूलले गर्दा करको अङ्क घटीबढी हुने गरी कर कायम भएको कुरा करदाताको निवेदन परी वा अन्य कुनै स्रोतबाट जानकारी हुन आएमा कर कायम भएको मितिले दुई वर्षभित्र प्रमुख प्रशासकीय अधिकृतले सो भूल सुधार गरी पुनःकर कायम गर्न सक्नेछ

(२) उपदफा (१) अनुसार कर निर्धारण आदेशमा भूलसुधार गर्दा हुन आउने कर रकम पहिले निर्धारण भएको कर रकम भन्दा कम वा बढी हुने भएमा त्यस्तो कर निर्धारण आदेश दिनुअघि स्पष्ट कारण खोली एक तह माथिको अधिकारीबाट निर्णय गराई स्वीकृति लिनु पर्नेछ ।

(३) उपदफा (१) अनुसार भूलसुधारबाट करको रकम पहिले निर्धारण भएको कर रकम भन्दा बढी हुने भएमा सो कर निर्धारण आदेशमा भूल सुधार गर्नु अघि स्पष्ट कारण खोली निर्णय गराई करदातालाई सो सम्बन्धमा लिखित सूचना दिई आफूले तिर्नु पर्ने कर सम्बन्धमा सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ ।

**३४. दण्ड तथा सँजाय :** (१) करदाताले यस ऐन बमोजिम व्यवसाय कर दाखिल नगरेमा निजले बुझाउनु पर्ने कर रकमको वार्षिक दश प्रतिशत जरिवाना समेत लगाई प्रमुख प्रशासकीय अधिकृतले आवश्यकता अनुसार देहाय बमोजिम गरी कर असूल-उपर गर्नेछ :

(क) व्यवसायीलाई व्यवसाय कर तिर्न सूचित गर्ने,

(ख) सूचित म्यादभित्र कर दाखिला नगरेमा गाउँपालिकाबाट प्रदान गरिने सवै प्रकारका सेवा सुविधा रोक्का गर्ने,

(ग) व्यवसाय बन्द गर्ने, व्यवसाय बन्द गर्दा लागेको खर्च असूल गर्ने र तोकिए बमोजिमको जरिवाना गर्ने,

(घ) गाउँपालिका क्षेत्रभित्र निश्चित अवधि तोकी सो अवधिसम्म पुनः व्यवसाय गर्न नपाउने गरी त्यस्ता व्यक्तिको नाम नामेसी तीन पुस्ते विवरण अध्यावधिक गर्ने र सार्वजनिक गर्ने,

(ङ) कर बक्यौता सरकारी बाँकी सरह असूल उपर गर्ने ।

## परिच्छेद-६

## बाह्य विज्ञापन कर सम्बन्धी व्यवस्था

**३५. पूर्व स्वीकृति लिनुपर्ने :** (१) गाउँपालिका क्षेत्रभित्र बाह्य विज्ञापन गर्न चाहने व्यक्ति, संघ, संस्था वा व्यवसायीले आफूले विज्ञापन गर्न चाहेको स्थान, आकार प्रकार, तस्विर, डिजाईन सहितको विज्ञापन सामग्रीको विस्तृत विवरण समेत खुलाई, आफ्नो व्यवसाय दर्ताको दर्ता प्रमाणपत्र साथै राखि निवेदन दिई गाउँपालिकाबाट अग्रीम स्वीकृति लिनुपर्नेछ । यस बमोजिमको निवेदन उपर जाँचबुझ गर्दा स्वीकृति प्रदान गर्न प्रचलित कानूनले निषेध नगरेको विषयमा विज्ञापन गर्न खोजिएको रहेछ भने सर्वसाधारण जनताको हित सम्बन्धी विषय समेत विचार गरी विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नुपर्ने समय, नवीकरण नगरेमा लाग्ने जरिवाना, शहरी सौन्दर्य, विज्ञापित सामग्रीको भाषिक शुद्धता, शालिनता, सामाजिक मूल्य मान्यता र सुरक्षामा प्रतिकूल असर नपर्ने जस्ता शर्तहरु किटान गरी विज्ञापन अनुमति प्रदान गर्न सकिनेछ । यसरी अनुमति प्रदान गर्दा बिज्ञापन बोर्डमा अनिवार्य रुपमा गाउँपालिकाबाट प्रदान गरिएको स्वीकृति नम्बर, बिज्ञापन गरिने शुरु र अन्तिम मिति र व्यवसाय दर्ता नम्बर राख्नु पर्नेछ ।

(२)  उपदफा (१) बमोजिम स्वीकृतिको लागि दिइने निवेदनपत्रमा विज्ञापित सामाग्री राखिने घर वा  जग्गाको स्वामीको अनुमतिपत्र समेत समावेश गर्नुपर्नेछ । विज्ञापन गरिने स्थान वा घरसंगै अन्य व्यक्ति वा संस्थाको घर, जग्गा जोडिएको भए सो घर वा जग्गा धनीको सहमति समेत लिनुपर्नेछ ।

(३)  यस परिच्छेद बमोजिम व्यापारिक प्रयोजनका लागि सञ्चालन भएका व्यापारिक मल, सुपरमार्केट, चलचित्र घर र अन्य यस्तै प्रकृतिका भवन/परिसरभित्र राखिने विज्ञापनका हकमा समेत तोकिए बमोजिमको विज्ञापन कर तिरी अग्रीम स्वीकृति  लिनुपर्नेछ ।

**३६. विज्ञापन कर लिइने :** (१)  गाउँपालिका क्षेत्रभित्र दफा ३५ बमोजिम स्वीकृति प्राप्त विज्ञापनमा विज्ञापन कर लिइनेछ ।

(२)  दफा ३५ बमोजिम अग्रीम स्वीकृति नलिई विज्ञापन गरेका विज्ञापनको हकमा यो कानून लागू भएको मितिले ३ महिनाभित्र यस ऐन बमोजिम स्वीकृति लिई सक्नुपर्नेछ ।

(३)  गाउँपालिका क्षेत्रभित्र गरिने विज्ञापन करको दर प्रदेश कानुनले तोके बमोजिम हुने छ ।

(४)  कुनै पनि कम्पनी, फर्म, एजेन्सी, संस्था वा व्यक्तिले अरु कसैले प्रायोजन गरेको सूचना पार्टी (होर्डिङ्ग बोर्ड) राखेमा उक्त विज्ञापनको कर प्रायोजकबाट असूल गरिनेछ ।

(५)  स्थानीय लिपि प्रयोग गरी गरिने विज्ञापन/परिचयपाटीमा लाग्ने बिज्ञापन करमा आर्थिक ऐनले तोके बमोजिम छुट प्रदान गरिनेछ ।

(६)  सामान्यतः विज्ञापनको स्वीकृति वार्षिक रुपमा दिइनेछ । कुनै विशेष प्रकृतिका विज्ञापन गर्न निश्चित अवधि तोकी स्वीकृति माग गरेमा औचित्यताका आधारमा अवधि किटान गरी स्वीकृति दिइएका विज्ञापनमा किटान गरिएको समयावधि बराबरको कर लिइनेछ ।

(७)  नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट सार्वजनिक जानकारी तथा जनहितका लागि राखिएका विज्ञापनमा कर लाग्ने छैन ।

(८)  व्यवसायको नाम जनाउने उद्देश्यले राखिएको विज्ञापन करमा आर्थीक ऐनले तोके बमोजिम छुट वा सहुलियत दिन सक्नेछ ।

**३७. बाह्य विज्ञापन गर्न निषेध : (१)** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि विज्ञापन गर्ने प्रयोजनको लागि कुनै पनि सार्वजनिक स्थानमा द्बार तथा स्टल निर्माण, स्टिकर टाँस्ने, वाल पेन्टिङ्ग, प्याम्प्लेट, पोष्टरिङ्ग, पर्चा, ब्यानर आदि राख्न पाइने छैन ।  तर कुनै खास महोत्सव, मेला, समारोह, प्रतियोगिता जस्ता आवधिक प्रकृतिका कार्यक्रमहरु सञ्चालन गर्न यस ऐन बमोजिम गाउँपालिकाको अग्रीम स्वीकृति लिनुपर्नेछ ।

(२)  सूर्तिजन्य, मदिराजन्य, जस्ता स्वास्थ्यमा प्रतिकूल असर पार्ने तथा नेपाल सरकारबाट प्रतिबन्धित तथा गाउँपालिकाबाट निषेध गरिएका सामग्रीको विज्ञापन गर्न पाइने छैन ।

(३)  निम्न स्थानहरुमा विज्ञापन बोर्ड तथा प्रचार सामाग्री राख्न पाईने छैनः

(क) भवनको छत, कौसीमा परिचयपाटी वा विज्ञापन सामग्री राख्न पाइने छैन ।

(ख) भवनका झ्याल छोपेर परिचयपाटी वा विज्ञापन सामग्री राख्न पाइने छैन ।

(ग) बाटो/सडक पेटीसँग जोडिएर बनेका भवन संरचनाहरुमा बाहेक खुला स्थानमा बाटो/सडक पेटीको सीमाना देखि दश फिटसम्म विज्ञापन बोर्ड वा परिचयपाटी राख्न पाइने छैन ।

(घ) संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सार्वजनिक निजी साझेदारीमा निर्माण भएका जुनसुकै संरचनाको निर्माणकर्ताले गाउँपालिकासँगको सम्झौतामा उल्लेख भए अनुसार विज्ञापन राख्न पाइने छ । तर त्यस्तो विज्ञापन दफा (३५) (३६) र (३७) प्रतिकूल हुने गरी राख्न पाइने छैन ।

(ङ) पुरातात्विक महत्वका क्षेत्र, प्रमुख प्रशासकीय क्षेत्र, सम्पदा क्षेत्र, कुटनितिक क्षेत्र जस्ता स्थानमा विज्ञापन राख्न पाइने छैन ।

**३८. अन्य व्यवस्था तोकिए बमोजिम हुने :** गाउँपालिका क्षेत्र भित्र विज्ञापन गरिने सामग्रीहरुको आकार, प्रकार, स्वरुप, साईज, स्थान आदि सम्बन्धमा थप व्यवस्था गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

**३९. दण्ड तथा सजाय :** (१) यस ऐन बमोजिमको विज्ञापन कर दाखिल नगरेमा निजले बुझाउनु पर्ने कर रकमको वार्षिक दश प्रतिशत जरिवाना समेत लगाई प्रमुख प्रशासकीय अधिकृतले निम्नलिखित तरिका अपनाई कर असूल-उपर गर्नेछ :-

(क) विज्ञापनदातालाई विज्ञापन कर तिर्न सूचित गर्ने,

(ख) सूचित म्यादभित्र कर दाखिला नगरेमा गाउँपालिकाबाट प्रदान गरिने सवै प्रकारका सेवा सुविधा रोक्का गर्ने,

(ग) विज्ञापित सामाग्री हटाउने, जफत गर्ने, बिज्ञापित सामग्री हटाउन लागेको खर्च असूल गर्ने र तोकिए बमोजिमको जरिवाना गर्ने,

(घ) गाउँपालिका क्षेत्रभित्र पुनः विज्ञापन गर्न नपाउने गरी त्यस्ता विज्ञापनदाताको नाम नामेसी/तीन पुस्ते विवरण अध्यावधिक गर्ने र सार्वजनिक गर्ने,

(ङ) कर बक्यौता सरकारी बाँकी सरह असूल उपर गर्ने ।

## परिच्छेद-७

## अन्य राजस्व सम्बन्धी व्यवस्था

**४०. भूमिकर (मालपोत) :** (१) गाउँपालिका क्षेत्रभित्र रहेको सम्पत्ति कर लाग्ने घरजग्गा बाहेकको अन्य जग्गामा जग्गाको प्रयोजन र वर्गीकरण तथा उपयोगको आधारमा तोकिए बमोजिम भूमिकर (मालपोत) लगाई असूल गरिनेछ ।

(२) प्रत्येक आर्थिक वर्षमा नियमित तिर्नुपर्ने भूमिकर (मालपोत) र बक्यौतामा जरिवाना सम्वन्धी व्यवस्था आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

**४१. सवारी साधन कर :** (१) सवारी साधन करको दर निर्धारण र संकलन गर्ने तरिका प्रचलित प्रदेश कानुनले कानूनले तोके बमोजिम हुनेछ साथै टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा कर भने गाँउपालिकाको आर्थिक ऐन कानुन अनुसार हुने छ ।

(२) साविकमा गाउँपालिकामा दर्ता कायम रही गाउँपालिकाबाट नवीकरण तथा नामसारी हुँदै आएका ठेलागाडा र रिक्साको सवारी साधनमा लाग्ने करको दर आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

**४२. मनोरञ्जन कर :** प्रचलित प्रदेश कानूनले तोके बमोजिमको दर र संकलन गर्ने प्रकृया बमोजिम गाउँपालिकाले मनोरञ्जन कर सङ्कलन गर्नेछ ।

**४३. कवाडी र जीवजन्तु कर :** गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले कवाडि माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको बस्तुको व्यवसायिक उपयोग गरेवापत गाउँपालिकाले आर्थिक ऐनमा तोकिए बमोजिम कवाडी तथा जीवजन्तु कर लगाउनेछ ।

**४४. घरजग्गा रजिष्ट्रेसन शुल्क :** (१) गाउँपालिकाले घर वा जग्गा वा घरजग्गाको कारोबारमा लाग्ने रजिष्ट्रेसन शुल्क प्रचलित प्रदेश कानूनले तोके बमोजिम संङ्कलन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम रजिष्ट्रेसन शुल्क बुझाउने दायित्व रजिष्ट्रेसनबाट घर वा जग्गा वा घरजग्गाको स्वामित्व प्राप्त गर्ने व्यक्तिको हुनेछ ।

(३) घरजग्गा रजिष्ट्रेसन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको थैली वा सो प्रर्योजनको लागि तोकिए बमोजिमको न्यूनतम दर अनुसार कायम हुने रकम मध्ये जुन बढी हुन्छ सो रकमलाई त्यस्तो घर वा जग्गा वा घरजग्गाको कूल रजिष्ट्रेसन रकम मानी उक्त रकममा तोकिए बमोजिमका दरले रजिष्ट्रेसन शुल्क असूल उपर गरिनेछ ।

(४) घर वा जग्गा वा घरजग्गाको स्वामित्व प्राप्त गर्ने व्यक्ति महिला नागरिक भएमा उपदफा (३) बमोजिम लाग्ने शुल्कमा प्रचलित कानून बमोजिम छुट दिइनेछ ।

(५) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह र सो अन्तर्गतका निकायहरुले रजिष्ट्रेसनबाट घर वा जग्गा वा घरजग्गाको स्वामित्व प्राप्त गर्दा रजिष्ट्रेसन शुल्क लाग्ने छैन ।

(६) गाउँपालिकाले घर वा जग्गा वा घरजग्गा रजिष्ट्रेसन पास गर्दा कारोबारबाट त्यस्तो घर वा जग्गा वा घरजग्गाको विक्रेतासँग नेपाल सरकारले तोकेको दरमा पुँजीगत लाभकर असुल गरी तोकिएको राजस्व खातामा जम्मा गर्नुपर्नेछ ।

**४५. अन्य कर, शुल्क तथा दस्तुर सम्बन्धी व्यवस्था :** साविकमा गण्डकीगाउँपालिकाले संकलन गर्दै आएको अन्य कर, शुल्क तथा दस्तूर एवं यो ऐन जारी भए पश्चात संघीय कानून वा प्रदेश कानून बमोजिम जिम्मेवारी हस्तान्तरण भई आउने अन्य कर, शुल्क तथा दस्तुर को दर र संकलन विधि आर्थिक ऐनमा तोके बमोजिम हुनेछ ।

## परिच्छेद-८

## कर प्रशासन सम्बन्धी व्यवस्था

**४६. कर प्रशासन :** (१)आफ्नो अधिकार क्षेत्रभित्रको कर तथा गैर करको प्रशासन गाउँपालिकाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर प्रशासन सञ्चालनका लागि गाउँपालिकाले आवश्यकता अनुसार कर एकाई तोक्न सक्नेछ ।

**४७. कर्मचारी सम्बन्धी व्यवस्था :** दफा (४६) को उप-दफा (२) बमोजिम तोक्दा त्यस्तो राजश्व शाखामा काम गर्नका लागि गाउँपालिकाले आवश्यकता अनुसार कर्मचारी खटाँउनेछ ।

**४८. प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) करदाता दर्ता गर्ने ।

ख) करदाताबाट विवरण प्राप्त गर्ने ।

ग) कर परीक्षण तथा अनुसन्धान गर्ने ।

घ) कर संकलन गर्ने ।

ङ) कर तथा गैर कर राजस्व चुहावट रोक्न आवश्यक कार्य गर्ने ।

च) करदातामैत्री वातावरण वनाउन आवश्यक कार्य गर्ने ।

छ) कर सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने प्रकृतिका कार्यक्रमहरु सञ्चालन गर्ने ।

ज) कर कानून र कर प्रशासनका क्षेत्रमा सुधार गर्नुपर्ने विषयमा गाउँपालिकालाई सुझाव दिने ।

झ) राजस्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलव्ध गराउने ।

ञ) करदाताको कर दाखिला बिवरण दुरुस्त राख्ने ।

ट) कर सम्बन्धी अभिलेख दुरुस्त राख्ने ।

ठ) कर सम्बन्धी अन्य काम गर्ने ।

**४९. अधिकार प्रत्यायोजन :** (१) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले यस ऐन र प्रचलित कानून बमोजिम आफूमा रहेको कर तथा गैर कर राजस्व उठाउने अधिकार गाउँपालिकाको कर्मचारीलाई कर प्रशासकको रुपमा काम गर्ने गरी अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(२) प्रमुख प्रशासकीय अधिकृतले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा गण्डकीगाउँपालिकाबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नुपर्नेछ ।

(३) प्रत्यायोजित अधिकार र जिम्मेवारी : क) उपदफा (१) बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जवाफदेहिता अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा निहित रहनेछ ।

ख) उपदफा (१) बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्ने कर अधिकृतले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने अधिकारीप्रति उत्तरदायी रहनुपर्नेछ ।

## परिच्छेद-९

## करदाता दर्ता सम्बन्धी व्यवस्था

**५०. करदाता पहिचान तथा दर्ता :** (१) करदाताको पहिचान गर्दा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोवार र गाउँपालिका कर प्रशासनलाई कुनै श्रोतबाट प्राप्त सूचना र छानविन गर्दा प्राप्त भएका तथ्य समेतका आधारमा करदाताको पहिचान गरिनेछ ।

(२) यस ऐन बमोजिम कर तिनुपर्ने दायित्व भएको करदाताको विवरण खुलाइ करदाताको अभिलेख गाउँपालिकालेतयार गरी राख्नेछ र त्यस्तो अभिलेख नियमित रुपमा अध्यावधिक गर्नु पर्नेछ ।

(३) नेपाल सरकारबाट स्थायी लेखानम्बर लिएका वा गाउँपालिकाबाट करदाता परिचयपत्र प्रदान गरिएका करदाताले कारोबार गर्दा सोही लेखानम्बर वा करदाता परिचयपत्र नम्बरको प्रयोग गर्नु पर्नेछ ।

**५१. करदाताको दायित्व :** यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तब्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछ :-

क) आफूलाई करदाताको रुपमा दर्ता गराउने ।

ख) निर्धारित समयमा विवरण पेश गर्ने ।

ग) निर्धारित समयमा कर दाखिला गर्ने ।

घ) यस ऐन बमोजिम कुनै शुल्क, जरिवाना वा ब्याज बुझाउनु पर्ने भए समयमा बुझाउने ।

ङ) कर सम्बन्धी कागजातहरु सुरक्षित राख्ने ।

च) प्रमुख प्रशासकीय अधिकृतले मागेको सूचना, तथ्याङ्क र आवश्यक विवरण उपलब्ध गराउने ।

छ) कर संङ्कलन कार्यमा गाउँपालिकालाई आवश्यक सहयोग पुऱ्याउने ।

**५२. करदाताको अधिकार :** (१) यस ऐन बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएका करदातालाई देहायको अधिकार हुनेछ :-

(क) सम्मानपूर्ण व्यवहार प्राप्त गर्ने अधिकार ।

(ख) प्रचलित कानून बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार ।

(ग) कर सम्बन्धी विषयमा कानूनले तोकेको म्यादभित्र प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार ।

(घ) प्रतिरक्षाका लागि कानून व्यवसायी वा लेखापरीक्षक नियुक्त गर्ने अधिकार ।

(ङ) यस ऐनमा उल्लेख भएबाहेक कर सम्बन्धी सूचना, तथ्याङ्क र विवरणको गोपनियता अनतिक्रम्य हुने अधिकार (२) उपदफा (१) बमोजिमको अधिकारको दाबी गर्दा करदाताले आफ्नो दायित्व पुरा गरेको हुनु पर्नेछ ।

(३) करदाताको प्रतिनिधित्व : करदाताको परिवारको उमेर पुगेको सदस्य वा माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा लेखा परीक्षक वा निजले लिखितरुपमा अख्तियार दिई पठाएको उमेर पुगेको वारेसले निजको प्रतिनिधित्व गर्न सक्नेछ ।

## परिच्छेद-१०

## विवरण दाखिला सम्बन्धी व्यवस्था

**५३. विवरण दाखिला गर्न आदेश दिन सक्ने** : (१) यस ऐन बमोजिम करदाताले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शङ्का गर्न सकिने मनासिव माफिकको आधार र कारण भएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो आधार र कारण खोली कर विवरण दाखिला वा पुनः दाखिला गर्न आदेश दिन सक्नेछ । त्यस्तो आदेश प्राप्त भएमा करदाताले सो आदेश प्राप्त भएको मितिले पैंतिस दिनभित्र गाउँपालिकामा विवरण दाखिला गर्नु पर्नेछ ।

(२) कुनै कारण परी उपदफा (१) बमोजिमको म्याद भित्र विवरण दाखिला गर्न नसक्ने करदाताले सोको स्पष्ट प्रमाण सहितको कारण खोली म्याद थप गर्न निवेदन दिएमा प्रमुख प्रशासकीय अधिकृतले निजले पेश गरेको प्रमाण मनासिव देखेमा बढीमा तीस दिनसम्मको म्याद थप गर्न सक्नेछ ।

**५४. विवरण सच्याउन सकिने :** (१) यस परिच्छेद बमोजिम कर विवरण दाखिला भई सकेपछि कुनै तथ्याङ्क वा सूचना वा विवरणमा त्रुटी भएको वा गणितीय भूल भएको लागेमा करदाताले पहिले दाखिला गरेको तथ्याङ्क वा सूचना वा विवरण सच्याउन त्यस्तो तथ्याङ्क वा सूचना वा विवरण दाखिला भएको मितिले पैंतिस दिन भित्र सही तथ्याङ्क वा सूचना वा विवरण पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्रमा संशोधित तथ्याङ्क वा सूचना वा विवरण सम्बन्धमा जाँचबुझ गरी औचित्य समेतका आधारमा आवश्यक देखिएमा तथ्याङ्क वा सूचना वा विवरण सच्याई आफूले सोको अभिलेख राखि करदातालाई लिखित जानकारी दिइनेछ

## परिच्छेद-११

## कर दाखिला सम्बन्धी व्यवस्था

**५५. कर दाखिला गर्नुपर्ने :** (१) करदाताले यस ऐन वमोजिम दाखिला गर्नुपर्ने कर सम्वन्धित परिच्छेदहरुमा उल्लेख भएकोमा सोही समय सीमाभित्र र समय उल्लेख नभएको करका हकमा देहाय बमोजिम दाखिला गर्नु पर्नेछ ।

क) अग्रीम कर दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले सो आर्थिक वर्षको आश्विन मसान्त भित्र वा कर निर्धारण आदेश प्राप्त भएको मितिले पैतिस दिन भित्र ।

(२) यस ऐन वमोजिम अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्ने कर त्यस्तो कर कट्टी भएको महिना पछिको अर्को महिनाको २५ गतेभित्र गाउँपालिकाको कार्यालय वा वडा कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

**५६. कर दाखिलाको निस्सा दिनुपर्ने :** यस ऐन बमोजिम बुझाउनुपर्ने कर वा गैर कर राजस्व बुझिलिए पछि त्यस्तो राजस्व बुझ्ने कर्मचारीले करदातालाई सोको निस्सा तुरुन्त दिनु पर्नेछ ।

## परिच्छेद-१२

## कर फिर्ता र समायोजन

**५७. कर फिर्ता सम्बन्धी व्यवस्था :** (१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा कर तिर्नुपर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम फिर्ताका लागि निवेदन परेकोमा सोको व्यहोरा साँचो देखिएमा प्रमुख प्रशासकीय अधिकृतले निवेदन परेको तिन महिनाभित्र बढी कर दाखिला गरेको भनि ठहरिएको रकम फिर्ता दिने वा पछिल्लो आर्थिक बर्षको कर दायित्वमा एक तह माथिको अधिकारीबाट निर्णय गरी मिलान गर्न सकिनेछ ।

**५८. कर समायोजन सम्बन्धी व्यवस्था :** (१) करदाताले दफा (५७) बमोजिम फिर्ता पाउने ठहरिएको रकम आगामी आर्थिक बर्षमा दाखिला गर्नुपर्ने कर रकममा समायोजन गर्न प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा बढी कर दाखिला गरेको भनि ठहरिएको रकम प्रमुख प्रशासकीय अधिकृतले निवेदन परेको तिन महिना भित्र निर्णय अनुसार समायोजन गरी अभिलेखमा जनाई राख्नु पर्नेछ र सोको लिखित जानकारी निवेदकलाई दिनु पर्नेछ ।

## परिच्छेद-१३

## कर परीक्षण र कर निर्धारण

**५९. कर परीक्षण र कर निर्धारण** : (१) यस ऐन र प्रचलित कानून बमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै कार्य गरेको देखिएमा प्रमुख प्रशासकीय अधिकृतले कर परीक्षण गरी कर निर्धारण गर्नेछ :-

क) गण्डकी गाउँपालिकासँग सरोकार रहेका अभिलेख दुरुस्त राखेको वा भएको नदेखिएमा ।

ख) गलत वा झुठा कागजात र विवरण संलग्न गरेको देखिएमा ।

ग) कारोवारको विवरण यथार्थ देखाएको भनी विश्वास गर्नुपर्ने मनासिव कारण नदेखिएमा ।

घ) करको दायित्व कम देखाएकोमा ।

ङ) करको दर फरक परेकोमा । च) कानून बमोजिम कर छुट वा मिनाहा हुन नसक्ने स्पष्ट व्यवस्था भएकोमा पनि सोको दाबी गरेकोमा । (२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा गाउँपालिकालेपन्ध्र दिनको म्याद दिई करदातालाई आफ्नो स्पष्टीकरण पेश गर्न लिखित सूचना दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले १५ दिन भित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम तोकिएको म्याद भित्र करदाताले स्पष्टीकरण पेश गरेमा प्रमुख प्रशासकीय अधिकृतले सो स्पष्टीकरणमा करदाताले पेश गरेको विवरण कानून सम्मत भए नभएको विचार गरी वा स्पष्टीकरण पेश नगरेकोमा कानून बमोजिम कर निर्धारण गर्नु पर्नेछ ।

(५) करदाताले साविककै दरमा कर घोषणा गरी विवरण पेश गरेको मितिले तीन वर्षभित्र घोषणा गरिएको विवरण संशोधन गरी पुनः कर निर्धारण गर्न सन्तोषजनक आधार र कारणसहित निवेदन

दिएमा त्यस्तो निवेदन उपर प्रमुख प्रशासकीय अधिकृतले जाँचबुझ गरी करदातालाई सफाइको मौका दिई पुनः कर निर्धारण गर्न सक्नेछ ।

**६०. कर निर्धारणको सूचना :** (१) यस ऐन बमोजिम प्रमुख प्रशासकीय अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय र सीमा तथा बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई सोको सूचना दिइनेछ

(२) करदाताले उपदफा (१) बमोजिम सूचना प्राप्त गरे पछि सो सूचनामा उल्लेखित समय सीमाभित्र तोकिएको स्थानमा कर दाखिला गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कर रकम बैंक दाखिला गरेकोमा करदाताले सोको तोकिएको भौचरको एकप्रति गाउँपालिकामा बुझाउनु पर्नेछ ।

## परिच्छेद-१४

## कर संकलन सम्बन्धी व्यवस्था

**६१. कर संकलन सम्बन्धी व्यवस्था :** यस ऐन वमोजिम असुल उपर गर्नुपर्ने कर तथा गैर कर राजस्व वापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति लिई देहाय बमोजिम कर असुल गर्न सक्नेछ :-

(क) करदातालाई फिर्ता गर्नुपर्ने रकम भए त्यसमा कट्टा गरेर ।

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर ।

(ग) कुनै तेश्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम करदाताको पूर्वसहमति लिई कट्टा गरेर ।

(घ) कुनै बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर ।

(ङ) करदाताको कारोबार रोक्का गरेर ।

( च) करदाताको चल-अचल सम्पत्ति बिकी गरी प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असूल उपर गरेर ।

**६२. किस्तावन्दीमा कर असुली :** (१) बार्षिक कर तिर्नुपर्ने दायित्व भएका करदाताले समयमा कर तिर्न नसक्ने कारण जनाई निवेदन दिएमा प्रमुख प्रशासकीय अधिकृतले जाँचबुझ गरी मनासिव देखेमा बढीमा एक वर्ष भित्र तीन किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ ।

(२) माथि उपदफा (१) बमोजिम किस्ताबन्दीमा कर संकलन गर्ने आदेश भएमा यस ऐन र प्रचलित कानून बमोजिम छुट हुने छैन ।

३. यस दफा बमोजिम बक्यौता कर संकलन गर्दा यस ऐन बमोजिम लाग्ने व्याज, जरिवाना तथा शुल्क मिनाहा हुने छैन ।

## परिच्छेद-१५

## जरिवाना शुल्क र व्याज

**६३. अभिलेख नराखेमा जरिवाना लाग्ने :** यस ऐन बमोजिम अभिलेख राख्नुपर्ने कर्तव्य भएका करदाताले अनुगमनको क्रममा अभिलेख राखेको नपाइएमा जरिवाना वापत प्रतिपटक रु.५००।- लाग्नेछ ।

**६४. समयमा विवरण दाखिला नगरेमा जरिवाना लाग्ने :** यस ऐन बमोजिम विवरण दाखिला गर्न पत्राचार, सूचना भएकोमा सो अनुरुप करदाताले समयमा विवरण दाखिला नगरी ढिलो विवरण बुझाएमा जरिवाना वापत रु १०००।- असूल उपर गरिनेछ ।

**६५. झुठा विवरण दिएमा शुल्क लाग्ने :** (१) यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले झुठा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असुल गरी सोको दश प्रतिशत थप शुल्क लगाइनेछ ।

(२) गाउँपालिकाको स्वीकृति बेगर सहरी सुव्यवस्थापन सम्बन्धी कार्यमा प्रतिकूल असर पर्नेगरी कानून विपरीत सडक पेटी अतिक्रमण, आवगमन अवरोध, जथाभावी फोहर गर्ने, वायु तथा ध्वनि प्रदूषण बढाउने जस्ता कृयाकलाप गर्ने ब्यक्तिलाई र यो ऐन तथा यस ऐन बमोजिम बनेको नियम उल्लघन गर्ने व्यक्तिलाई कर छलिएको भए लाग्ने कर र कसुर अनुसार एक हजार देखि पाँच हजार रुपैँयासम्म जरिवाना लगाई असूल उपर गरिनेछ ।

**६६. व्याज लाग्ने :** यस ऐन बमोजिम करदाताले गाउँपालिकालाई तिर्नु बुझाउनु पर्ने कर, दस्तूर, शुल्क समयमा दाखिला नगरेमा माथि परिच्छेदहरुमा तोकिएकोमा तोकिए बमोजिम र नतोकिएको हकमा तिनु बुझाउनु पर्ने कर रकममा वार्षिक १० प्रतिशतले हुने रकम व्याज लगाई असूल उपर गरिनेछ ।

**६७. व्याज नलाग्ने** : यस ऐन बमोजिम लाग्ने व्याज र जरिवानामा पुनः व्याज र जरिवाना लगाईने छैन ।

## परिच्छेद-१६

## पुर्वादेश र पुनरावलोकन

**६८. पुर्वादेश माग गर्न सक्ने :** (१) कुनै करदातालाई यस ऐन बमोजिम लगाइएको कर, दस्तुर, शुल्क वा ऐनको व्यवस्था बारे दुविधा भएमा सोको निराकरणका लागि निजले आफूलाई दुविधा भएको विषय खोली प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिएकोमा प्रमुख प्रशासकीय अधिकृतले दुविधा निराकरण गर्न पुर्वादेश जारी गरी करदातालाई उपलव्ध गराउनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भइ सकेको विषयमा यस दफा बमोजिम पुर्वादेश जारी गर्न सकिने छैन ।

(४) उपदफा (१) बमोजिमको पुर्वादेश अदालतको आदेश वा गाउँपालिकाबाट अन्यथा नभएसम्म कायम रहनेछ ।

**६९. पुनरावलोकन हुन सक्ने :** (१) यस ऐन वमोजिम गरिने देहायको निर्णय उपर अध्यक्ष समक्ष पुनरावलोकन हुन सक्नेछ :

(क) प्रमुख प्रशासकीय अधिकृतले गरेको कर निर्धारण, पुन: कर निर्धारण र संशोधित कर निर्धारण सम्बन्धी निर्णय ।

(ख) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र गैरकर राजस्व तथा अन्य दस्तुर, शुल्क, व्याज सम्बन्धी निर्णय ।

(ग) दफा ६८ बमोजिम जारी भएको कर सम्बन्धी पूर्वादेश ।

**७०. पुनरावलोकनको प्रकृया :** (१) यस ऐन बमोजिम गरिएको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले तीस दिन भित्र अध्यक्ष समक्ष पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यकारीणी पुनरावलोकनका लागि परेको निवेदन उपर अध्यक्षले साठी दिनभित्र कारवाही किनारा गर्नु पर्नेछ ।

(३) पुनरावेदनका लागि निवेदन दिने व्यक्तिले विवादित बाँकी करको एक तिहाई रकम धरौटी राख्नु पर्नेछ ।

**७१. पुनरावलोकन दिन सक्ने :** (१) कार्यकारिणी पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र कार्यकारिणी पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले ६० दिन भित्र चित्त नबुझने पक्षले गण्डकीगाउँपालिका, गाउँकार्यपालिकामा पुनरावेदन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको पुनरावेदन उपर गाउँकार्यपालिकाले ९० दिनभित्र निर्णय दिनु पर्नेछ ।

## परिच्छेद-१७

## गैर-कर राजस्व

**७२ सेवा शुल्क तथा दस्तुर :** प्रचलित कानूनले तोकेका अधिकारक्षेत्र भित्रको विषयमा गाउँपालिकालेप्रवाह गर्ने सेवामा आर्थिक ऐनले तोकेबमोजिम शुल्क तथा दस्तुर लगाई असूल गर्न सक्नेछ ।

**७३. सवारी साधन पार्किङ्ग शुल्क :** (१) गाउँपालिकालेआफ्नो क्षेत्रभित्रका खुला स्थान, सार्वजनिक स्थल र आफूले विकास गरेको पार्किङ्ग स्थलहरुमा मापदण्ड बनाई पार्किङ्ग क्षेत्र घोषणा गरी पार्किङ्ग सुविधा उपलव्ध गराए वापत स्थान विशेष र समयको आधारमा आर्थीक ऐनमा तोकिए बमोजिम पार्किङ्ग शुल्क लगाई असुल उपर गर्न सक्नेछ । (२) आफ्नो क्षेत्रभित्र प्रचलित कानून बमोजिम निजी क्षेत्र वा सार्वजनिक निजी साझेदारी मार्फत आधुनिक पार्किङ्ग व्यवस्था गरी पार्किङ्ग शुल्क उठाउन सक्नेछ ।

७४. पर्यटन तथा उद्यान पार्क शुल्क : (१) गाउँपालिकालेआफ्नो क्षेत्रभित्र रहेका सम्पदा तथा पुरातात्विक महत्वका पर्यटकीय क्षेत्र, पार्क तथा उद्यानहरुमा प्रवेश गर्ने पर्यटकहरुबाट तोकिए बमोजिम पर्यटन शुल्क असुल गर्नेछ । (२) उपदफा (१) बमोजिम पर्यटन शुल्क तोक्दा स्वदेशी तथा विदेशी पर्यटकका लागि फरक फरक दर तोक्न सक्नेछ ।

**७५. बहाल बिटौरी शुल्क :** गण्डकीगाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको भवन, हाटबजार, पसल, मेलामा वा कुनै व्यक्ति, संघ/संस्थाले सार्वजनिक ऐलानी प्रती जग्गामा बनाएको भवन, हाटबजार, पसलमा बहाल विटौरी शुल्क लगाई असुल उपर गरिनेछ । त्यस्तो शुल्क आर्थिक ऐनले निर्धारण गरे बमोजिम हुनेछ ।

**७६. केवलकार शुल्क :** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन भएका केवलकारमा शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्क केवलकार सञ्चालकले प्रवेश टिकटमा नै तोकिए बमोजिम समावेश गरी संकलन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम संङ्कलन भएको रकम बिबरण सहित संलग्न गरी चौमासिक रुपमा गाउँपालिकालाई बुझाउनु पर्नेछ ।

७७. डुंगा परिवहन (बोट सेवा) शुल्क : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन भएका डुंगा परिवहन (बोट) सेवामा तोकिए बमोजिम शुल्क लगाई उठाउन सक्नेछ ।

**७८. अन्य शुल्क लगाउन सक्ने :** (१) गाउँपालिकाले संविधान र अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को विपरीत नहुने गरी आफुले प्रदान गरेको सेवा सुविधा र व्यवस्थापन गरेको थप वा नयाँ क्षेत्र वा विषयमा शुल्क लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम शुल्क लगाउने वा त्यसको दरमा हेरफेर गरेको कुराको विवरण गाउँपालिकाले त्यस्तो निर्णय भएको मितिले सात दिन भित्र गाउँपालिका, गाउँसभाको बैठक चलेको समयमा गाउँसभामा र त्यस्तो बैठक नचलेको समयमा त्यसपछि बस्ने गाउँसभाको पहिलो बैठकमा पेश गर्नु पर्नेछ ।

**७९. छुट वा मिनाहा :** (१) गाउँपालिकाले खास अवस्थामा यस ऐन बमोजिम लाग्ने वा लागेको कर तथा गैर कर राजस्वमा आधार र कारण खुलाई आंशिक वा पूर्ण रुपमा छुट दिन वा मिनाहा गर्न सक्नेछ ।

(२) नेपाल सरकार वा प्रदेश सरकारले कुनै परियोजना वा विकास कार्यका लागि खास सामाग्रीको कारोबारमा कर नलाग्ने व्यवस्था गरेकोमा गाउँपाकिाले कर छुट सम्बन्धी त्यस्तो व्यवस्थाको पालना गर्ने वा गराउनेछ,

(३) उपदफा (१) बमोजिम गैरकर राजस्वमा छुट वा मिनाहा दिएको विवरणगाउँ सभाको बैठक चलेको समयमा सभामा र बैठक नचलेको समयमा त्यसपछि बस्ने गाउँसभाको पहिलो बैठकमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद-१८

## समन्वय सम्बन्धी व्यवस्था

**८०. नेपाल सरकारसँग समन्वय** : (१) गाउँपालिकाले संघीय कानून वा यस ऐन वमोजिम असूल उपर गर्नु पर्ने कर वा गैर कर राजस्व असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम एकद्वार प्रणाली अपनाउन गाउँपालिका वा गाउँपालिकाले अधिकार सुम्पेको प्रमुख प्रशासकीय अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ । (३) गाउँपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैर कर राजश्वका आधार र दर वा कर प्रशासनका सम्बन्धमा नेपाल सरकारसँग समन्वय गर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरी टुंगोमा पुगेको विषयलाई यस ऐनको अङ्ग मानिनेछ । यस व्यवस्थाको हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यही दफा अनुसार कार्यान्वियन गर्नु पर्नेछ ।

**८१. प्रदेश सरकारसँग समन्वय :** (१) गाउँपालिकाले प्रदेश कानून वा यस ऐन वमोजिम असूल उपर गर्नुपर्ने कर वा गैर कर राजस्व असुल उपर गर्न एकद्वारा प्रणाली अपनाउनेछ ।

(२) उपदफा (१) बमोजिमको एकद्वारा प्रणाली अपनाउन गाउँपालिका वा गाउँपालिकाले अधिकार सुम्पेको प्रमुख प्रशासकीय अधिकृतले प्रदेश सरकार वा प्रदेश सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) गाउँपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैर कर राजस्वका आधार र दर वा कर प्रशासनका सम्बन्धमा प्रदेश सरकारसँग समन्वय गर्नु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरिएको विषयलाई यस ऐनको अङ्ग मानिनेछ । यस व्यवस्थाको हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यही दफा अनुसार कार्यान्वियन गर्नुपर्नेछ ।

८२. केन्द्रीय बैंकसँग समन्वय : गाउँपालिकाले कर तथा गैर कर राजश्व संकलनका सम्बन्धमा नेपाल राष्ट्र बैंक सँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**८३. अन्य निकाय, कार्यालय र अन्य संस्थासँग समन्वय :** गाउँपालिकाले कर तथा गैर कर राजश्वसँग सम्बन्धित विषयमा नेपाल सरकार र प्रदेश सरकार अन्तर्गतका सरकारी निकाय, बैंक वा संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्न सक्नेछ ।

## परिच्छेद-१९

## राजस्व प्रस्ताव तर्जुमा तथा सूचना सम्बन्धी व्यवस्था

**८४. राजस्व सम्बन्धी नयाँ प्रस्ताव :** गाउँपालिकाले यस ऐनमा उल्लेख गरिएका बाहेकका कर तथा गैरकर सम्बन्धी नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवालासँग परामर्श गर्न सक्नेछ ।

**८५. सूचना सार्वजनिक गर्नुपर्ने : (१)** यस ऐन बमोजिम गाउँपालिकाले लगाएको कर तथा गैर कर राजस्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना सर्वसाधारणका लागि सार्वजनिक गर्नु पर्नेछ ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिमको कर, गैरकर राजस्वका दर, त्यसमा भएको हे रफेर समेत गाउँपालिकाको वेभसाईटमा अद्यावधिक गरी राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) गाउँपालिकाले कर र गैरकर राजस्वका दर हेरफेर सम्बन्धी विवरण केन्द्रीय सूचना प्रणालीमा समेत राख्ने प्रयोजनका लागि नेपाल सरकार अर्थ मन्त्रालय वा सो मन्त्रालयले तोकेको कार्यालयलाई उपलव्ध गराउन सक्नेछ ।

## परिच्छेद-२०

## विविध

**८६. विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाले विद्युतीय माध्यमबाट करदातालाई अनलाइन सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण अनलाइन मार्फत पेश गर्ने, गाउँपालिकालाई तिर्नु बुझाउनु पर्ने रकम अनलाइन दाखिला गर्ने एवम् त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर सम्बन्धी अन्य काम कार्वाही अनलाइन मार्फत गर्ने व्यवस्था गर्न सक्नेछ ।

**८७. अनुसूचीमा हेरफेर :** गाउँपालिकाले यस ऐनको अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ । तर यस ऐन बमोजिम लगाइएको कुनै कर तथा गैर कर राजस्वको दरमा संशोधन गर्ने विषय गाउँसभाले निर्णय गरे बमोजिम मात्र हुनेछ ।

**८८. कागजातको ढाँचा :** (१) यो ऐन र यो ऐन अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि र मापदण्डमा उल्लेख नभएको वा नतोकिएको कुनै विवरण, ढाँचा, तरिका वा जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न उपयुक्त देखिएमा गाउँपालिकाले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी आदेश वा सूचना सर्वसाधारणको जानकारीका लागि स्थानीय राजपत्रका अत्तिरिक्त गाउँपालिका कार्यालयको सूचना पाटी, वेवसाईट, स्थानीय पत्र पत्रिकामा समेत प्रकाशित गर्न सकिनेछ ।

**८९. सूचना तामेली रीत पुगेको मानिने :** यस ऐन बमोजिम दिनुपर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछ : (१) सम्बन्धित व्यक्तिलाई नै बुझाएको,

(२) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको,

(३) निजको कानून व्यवसायी वा लेखापाललाई बुझाएको,

(४) नावालकको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको,

(५) कार्यालय वा निकाय वा संगठित संस्थाको हकमा कार्यालय प्रमुख वा सो कार्यका लागि तोकिएको कर्मचारीलाई बुझाएको,

(६) स्वीकृत विद्युतीय माध्यमबाट सम्बन्धित पक्षको इलेक्ट्रोनिक ठेगानामा पठाइएको ।

**९०. देहाय बमोजिम जारी गरिएको म्याद, सुचना वा कागजातलाई रितपूर्वकको कागजात मानिनेछ** : (१) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, (२) कम्प्यूटर प्रविधिबाट इनस्क्रिप्ट वा इन्कोड गरिएको वा छाप लगाएको ।

**९१. कागजातको अभिलेख राख्ने :** यस ऐन वमोजिम कर बुझाउनुपर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहाय बमोजिमका आवश्यक कागजातहरु सुरक्षित गरी आफूसँग राख्नुपर्नेछ :

(१) यस ऐन बमोजिम गाउँपालिकामा पेश गर्नुपर्ने कागजात र सोलाई पुष्टि गर्ने अन्य सूचना तथा कागजातहरु,

(२) कर निर्धारण गर्न सघाउ पुऱ्याउने कागजातहरु,

(३) खर्च कट्टी गर्नुपर्ने भए सोलाई पुष्टि गर्ने कागजातहरु,

(४) गाउँपालिकाले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकिएकोमा बाहेक यस दफा बमोजिमका कागजातहरु सम्बन्धित आय वर्ष समाप्त भएको मितिले कम्तीमा पाँच वर्षको अवधिसम्म सुरक्षित राख्नुपर्नेछ ।

**९२. कर परीक्षण सम्बन्धी व्यवस्था :** (१) कुनै एक शीर्षकमा बार्षिक दुई लाख वा सो भन्दा बढी रुपैंया कर निर्धारण भई असूल गरिएका करदाताहरुको कर तोकिए बमोजिमको समितिले अनिवार्य रुपमा परीक्षण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कर परीक्षण गर्ने कार्यबिधि गाउँकार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै एक शीर्षकमा बार्षिक दुई लाख रुपैंया भन्दा कम कर निर्धारण भएको करदाताहरुको कर अंकमा शंका लागेमा, उजूरी परेमा वा कर

निर्धारणमा त्रुटी भएको जानकारी प्राप्त भएमा समितिले त्यस्ता कर निर्धारणमा समेत कर परीक्षण गर्न बाधा पुगेको मानिने छैन ।

**९३. अदालतलाई भए सरहको अधिकार हुने :** यस ऐनको प्रयोजनको लागि गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले कर निर्धारण गर्न करदाताद्वारा दाखिल भएका विवरण माथि उचित विचार गर्ने र त्यसको जाँचबुझको प्रयोजनको लागि सम्बन्धित व्यक्तिका नाममा समाह्वान जारी गर्ने, बयान बकपत्र गराउने र लिखतहरू दाखिल गराउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको सबै अधिकार निजलाई हुनेछ ।

**९४. विभागीय कारवाही र सजाय हुने :** (१) कर प्रशासनसँग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनु पर्ने दायित्व भएका व्यक्ति वा करदातालाई हानी पुऱ्याउने, करको दायित्व घटीबढी गर्ने, समान अवस्थामा करदाता बीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाईदा पुऱ्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजी स्वार्थपूर्ति गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानून बमोजिम गर्नुपर्ने काम समयमा नगरी करदाता वा सेवाग्राहीलाई अनावश्यक दुःख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानविन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धी कानून बमोजिम आफूलाई कारवाही गर्ने अधिकार भएको विषयमा आफैले विभागीय कारवाही गर्ने र कारवाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारवाहीका लागि अधिकार प्राप्त अधिकारी समक्ष राय साथ पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम छानविन गर्दा अभियुक्तले प्रमाण नष्ट गर्न सक्ने मनासिव कारण देखेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो कर्मचारीलाई प्रचलित कानून बमोजिम निलम्बन गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम छानविन गर्ने अवधिभर त्यस्तो कर्मचारीलाई कामको जिम्मेवारीबाट अलग राखिनेछ

(५) उपदफा (२) बमोजिम छानविन गर्ने र अभियोग लागेको कर्मचारीलाई निलम्बन गर्ने वा कामको जिम्मेवारीबाट अलग राख्ने अवधि ३ (तीन) महिना भन्दा बढी हुने छैन ।

(६) उपदफा (२) बमोजिम छानविन गर्दा प्रचलित कानून बमोजिम अनुचित कार्य गरेको खुल्न आएमा सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

**९६. पुरस्कृत गर्न सक्ने : (१)** प्रत्येक वर्ष कानूनले तोकेको म्यादभित्र कर विवरण बुझाउने, लागेको कर दाखिल गर्ने र प्रमुख प्रशासकीय अधिकृतले अनुरोध गरेको सूचना उपलब्ध गराइ कर प्रशासकलाई सहयोग पुऱ्याउने नियमित करदाता पहिचान गरी गाउँपालिकाले त्यस्ता व्यक्ति/संस्थालाई प्रत्येक वर्ष पुरस्कार दिने व्यवस्था गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम दिइने पुरस्कार सम्बन्धी अन्य व्यवस्था गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ

३) कुनै करदाताले गाउँपालिकालाई तिर्नु बुझाउनुपर्ने राजस्व नबुझाई रहेको, अन्य करदातालाई राजस्व नतिर्न नबुझाउन उत्प्रेरित गरेको भनी सूचना दिएकोमा जाँचबुझ गर्दा व्यहोरा प्रमाणित भएमा त्यस्तो सूचना दिने व्यक्तिलाई उचित नगद पुरस्कार दिइनेछ ।

४) कुनै करदाताले गाउँपालिकालाई तिर्नु बुझाउनु पर्ने राजस्व रकम तिर्नु पर्ने अंक भन्दा कम बुझाई रहेको,

राजस्व चुहावट गरेको वा मर्स्यौट गरेको सूचना दिएकोमा जाँचबुझ गर्दा ब्यहोरा प्रमाणित भएमा त्यस्तो सूचना दिने ब्यक्तिलाई फरक परी असूल हुन आएको थप कर अंकको १५ प्रतिशत नगद पुरस्कार दिइनेछ

**९७. म्याद वा हदम्याद नजाने :** यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछ :

(क) अदालतबाट स्थगन वा प्रमुख प्रशासकीय अधिकृत वा अन्य सरकारी निकायवाट रोक्का वा स्थगन भएको अवधि,

(ख) कुनै विषय अधिकार प्राप्त अधिकारी वा निकाय वा अदालतमा पुनरावलोकन गरेकोमा पुनरावलोकनकर्ताको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि ।

**९८. बचाउ :** यो ऐन जारी हुन अघि लिनुपर्ने घरजग्गा कर साविक आर्थिक ऐन बमोजिम निर्धारण गरी असूल गरिनेछ र त्यसरी गरिएको असूल उपर यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

**९९. नियम, विनियम, निर्देशिका, मापदण्ड, कार्यविधि वा दिग्दर्शन बनाउने अधिकार** : यो ऐन कार्यान्वयनका लागि आवश्यकता अनुसार नियम, विनियम, निर्देशिका, मापदण्ड, कार्यविधि वा दिग्दर्शन जारी गरी कार्यान्वयन गर्ने वा गराउने अधिकार गाउँकार्यपालिकालाई हुनेछ ।

आज्ञाले,

पुरण गुरुङ
प्रमुख प्रशासकीय अधिकृत